नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १०५ | २०७७ साल मंसिर ४ गते बिहीबार (19 Nov. 2020 Thursday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्वन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : आस्थाको महापर्व छठको ... ३ पृष्ठमा : जोखिम नभएका ठाउँमा.. ३ पृष्ठमा : मोदी र बाइडेनबीच फोन...

# भारदहमा ५० शैयाको सुविधा सम्पन्न अस्पताल निर्माण हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले स्वास्थ्यकर्मीहरुलाई उच्च मनोवलका साथ काम गर्न आग्रह गर्दै स्वास्थ्य क्षेत्रलाई समेत प्रदेश २ सरकारले उच्च प्राथमिकतामा राखेको बताएका छन् ।

सप्तरीको भारदहमा निर्माण हुने तय भएको ५० शैयाको सुविधा सम्पन्न अस्पतालको बुधबार शिलान्यास गर्दै उनले सो आग्रह गरेका हुन् ।

अस्पताल निर्माण र बिस्तारले सानोतिनो रोगको उपचारका लागि पनि यहाँका बिरामीलाई महगो खर्च तिरि बाहिर जानु पर्ने बाध्यता अबको एकवर्ष भित्रै हट्ने बताउँदै मन्त्री साहले रकम र उपचारको अभावमा कसैले पनि ज्यान गुमाउन नपर्ने गरि प्रदेश सरकार अघि बढेको जिकिर गरे ।

२ करोडको लागतमा पुरानो अस्पताल भवनमा ५० शैयाको सेवा बिस्तार सँगै इमरजेन्सी, बहिरंग तथा प्रयोगशाला भवन बन्ने छ । उक्त भवन निर्माण कार्य एक वर्षभित्रै सम्पन्न गरिसक्ने गरि ठेक्का पाएको धन्दा कन्स्ट्रक्सनले बुधबारैदेखी निर्माण कार्य अघि बढाएको छ ।

शिलान्यास कार्यक्रममा कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्र, हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेश साह, तिरहुत गाउँपालिकाका प्रमुख हेमन्त बहरखेरले पनि बोल्दै ५० शैयाको सुविधायुक्त अस्पताल निर्माण हुनु सुखद भएको बताउँदै अब यस क्षेत्रका जनता सरल सहज र स्तरिय स्वास्थ्य सेवा आफ्नै गामठाममा पाउने विश्वास व्यक्त गरे ।

५० शैयाको सुविधा सम्पन्न अस्पताल बन्ने निश्चित भएपछि भारदह र आसपासका बासिन्दा हर्षित भएका छन् ।

# नहाय खाय बिधिसँगै चार दिवसीय छठ पर्व सुरु

**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

बुधबार बिहान नहाय खाय ( नुहाएर चोखो) विधी पुरा गरेसँगै तराई मधेशमा लोक आस्थाको चार दिवसीय पर्व छठ सुरु भएको छ ।

बिहान स्नान पश्चात् शुद्ध शाकाहारी भोजनपछि तराई मधेशसहित मुलुक भरका ब्रतालुले महापर्व छठ सुरु गरेका हुन् । कोरोनाको जोखिमलाई ध्यानमा राख्दै स्थानिय प्रशासनले जलाशय किनारमा नगई घरमै छठ पर्व मनाउन एक सूचना मार्फत अपिल समेत गरेको छ । तर त्यसको वेवास्ता गर्दै अहिले जिल्लाका विभिन्न ठाउका जलाशयमा छठ

*बाँकी अन्तिम पृष्ठमा*

# जनताको बलिदानबाट प्राप्त उपलब्धी गुम्न नदिन अध्यक्ष यादवको खबरदारी

**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले जनताको बलिदानीबाट प्राप्त उपलब्धीलाई वर्तमान सरकारले जगेर्ना गर्न नसकेको भन्दै त्यसका बिरुद्ध खबरदारी गर्ने समय आइसकेको बताएका छन् ।

बुधबार राजविराजमा जनता समाजवादी पार्टी नेपाल निकटका समाजवादी यूवा संघ र राष्ट्रिय यूवा संघद्वारा संयुक्त रुपमा आयोजित छठ तथा समाचकेवा पर्वको शुभकामना आदान प्रदान तथा यूवा पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने, यो सरकारबाट जनताको बलिदानीले ल्याएको उपलब्धी सुरक्षित रहन सक्दैन्, परिवर्तनकारी शक्ति चनाखो रहन आवश्यक छ ।

कम्युनिष्ट र काँग्रेसको सरकारलाई जनताले पटक पटक हेरिसके यादवले भने, यस्तै अवस्था रहरिहने भने पाएको उपलब्धी पनि गुम्ने खतरा बढेर जानेछ । परिवर्तनलाई संस्थागत गर्न यूवा शक्ति अघि आउन आवश्यक रहेको भन्दै उनले आफूहरु तेश्रो शक्तिको रुपमा संगठन निर्माणमा लागेको जिकिर गरे ।

शिक्षा, स्वास्थ्य र रोजगारीलगायतका सबै क्षेत्र लथालिङ बन्दा पनि सरकार र सत्तारुढ पार्टी मुकदर्शक भएर गुटबन्दी तथा भागबण्डामा लटपटिएको उनको आरोप थियो ।

समाजवादी यूवा संघका जिल्ला अध्यक्ष शिवशंकर यादवको अध्यक्षतामा आयोजित कार्यक्रमलाई प्रदेश २ का सामाजिक विकास मन्त्री नवलशिकोर साह, संघीय सांसद रेणु यादव, राष्ट्रिय सभाका सदस्यद्वय मृगेन्द्र कुमार सिंह यादव, शेखर सिंह, प्रदेश सभा सदस्य अभिशेख यादव, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु यादव लगायत एक दर्जन बढी नेताहरुले पनि सम्बोधन गरेका थिए ।

कार्यक्रममा विभिन्न पार्टी परित्याग गरि सयौंको संख्यामा जनता समाजवादी पार्टीमा प्रवेश गरेकाहरुलाई अध्यक्ष यादवसहित केन्द्रिय नेताहरुले फुलमाला र अबिर लगाई स्वागत गरेका थिए ।




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# थप एक हजार ४४२ जनामा कोरोना सङ्क्रमण पुष्टि

काठमाडौँ, ३ मङ्सिर (रासस)।

पछिल्लो २४ घण्टामा नेपालमा थप एक हजार ४४२ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

छ हजार ७३१ नमूना परीक्षण गर्दा ९०८ पुरुष र ५३४ महिलामा गरी कूल एक हजार ४४२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

नेपालमा कोरोना सङ्क्रमितको सङ्ख्या दुई लाख १२ हजार ९१७ पुगेको छ। २४ घण्टामा तीन हजार ५३८ जना कोरोनामुक्त भएका छन्। हालसम्म एक लाख ८२ हजार ७८० जना उपचारपछि निको भएर घर फर्किएका छन्। जुन कूल सङ्क्रमितको ८५.८ प्रतिशत हो। अट्ठाइस हजार ८७८ सक्रिय सङ्क्रमित छन्। सक्रिय सङ्क्रमितमध्ये २६ हजार ४२१ जना होम आइसोलेसनमा छन् भने ३२६ जनाको आइसियु र ५४ जनाको भेन्टिलेटरमा उपचार भइरहेको मन्त्रालयले जनाएको छ।

झापा, मोरङ, सुनसरी, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, काभ्रेपालञ्चोक, कास्की, दाङ, रुपन्देही, पाल्पा र कैलालीमा ५०० बढी सक्रिय सङ्क्रमित छन् भने मनाङमा सक्रिय सङ्क्रमित छैनन्। बितेको २४ घण्टामा कोरोना भाइरस सङ्क्रमणबाट १२ जनाले ज्यान गुमाएका छन्। यससँगै नेपालमा कोरोनाबाट ज्यान गुमाउनेको सङ्ख्या एक हजार २५९ पुगेको छ।

# ट्र्याक्टरले ठक्कर दिँदा मृत्यु

जलेश्वर, ३ मङ्सिर (रासस)।

पूर्वपश्चिम राजमार्गअन्तर्गत महोत्तरी जिल्लाको बर्दिवासमा बुधबार बिहान तेल बोकेको टयाङ्करले ठक्कर दिँदा मोटरसाइकलमा सवार एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सिन्धुली जिल्ला तीनपाटन गाउँपालिका-१० बस्ने २६ वर्षीय आशालाल परियार छन्।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले घटनामा दाजुको मृत्यु भएको र नाम नखुलेको भाइको अवस्था सामान्य छ।

बुधबार बिहान तेल बोकेर पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको ना ७ ख ३५२१ नं को टयाङ्करले बर्दिबासस्थित भावना पेट्रोल पम्पबाट मोटरसाइकलमा तेल भरेर निस्कँदै गरेको ग९प५३२१ नं को मोटरसाइकललाई ठक्कर दिँदा सो दुर्घटना भएको हो।

टयाङ्करको ठक्करबाट गम्भीर घाइते आशालाललाई उपचारका लागि बर्दिबासस्थित शुभस्वस्तिक अस्पतालमा लगिएकामा त्यहीँ मृत्यु भएको थियो। शव परीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरमा पठाइएको छ। ठक्कर दिने टयाङ्कर र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# आस्थाको महापर्व छठको विधि सुरु

जनकपुरधाम, ३ मङ्सिर (रासस)।

मानव सभ्यता बोधक, प्रकृतिप्रति कृतज्ञता र आराध्यदेव सूर्यको उपासना गरी मनाइने छठपर्वको मुख्य विधि बुधबारदेखि शुरू भएको छ। मुख्य विधिअन्तर्गत पहिलो दिन (चतुर्थी) को विधिमा अरबा-अरबाइन गरिन्छ, जसलाई नहाय-खाय पनि भन्ने गरिएको छ। दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदो र चौथो दिन उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ।

सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यलाई पूजा गरिन्छ। मानव सभ्यताको विकास नदी किनार हुँदै भएको, पञ्चतत्वमध्ये सूर्य र जल अपरिहार्य तत्व रहेकाले यी दुई तत्वप्रति श्रद्धाभाव व्यक्त तथा जीवन, जगत्, प्रकृति, वनस्पति, ग्रह, नक्षत्र, संवत्सर, समय, काल सबैका कारक रहेका सूर्यको आराधनाले आपसी, सद्भाव, एकता र सहिष्णुताको सन्देश यस पर्वमा सन्निहित छ।

छठको पहिलो दिन (चतुर्थी) व्रतीले भोजनमा माछामासु, लसुन, प्याज, कोदो, मसुर वस्तु परित्याग गरी यसै दिनदेखि व्रत बस्न थाल्दछन्। पर्वको दोस्रो दिन ( पञ्चमी) खरना गरिन्छ, जसलाई पापको क्षय पनि भनिन्छ। गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरी व्रतालु यो दिन दिनभर निर्जला व्रत बस्छन् र राति चन्द्रोदयपछि चन्द्रमालाई पायस (खीर) अर्पण गर्छन्। तेस्रो दिन (षष्ठी) गहुँ र चामल ओखल, जाँतो वा ढिकीमा कुटान-पिसान गरी सोबाट विभिन्न गुलियो खाद्य सामग्री बनाइन्छ। सोही दिन अन्नबाहेक फलफूल, ठकुआ, भुसवा, खजुरी, पेरूकिया तथा मूला गाँजर, बेसारको गाँठो, ज्यामिर, नरिवल, सुन्तला, केरा, नाङ्गलो, कोनिया, सरबा, ढाकन, माटोको हात्ती ठूलो ढक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवम् लोकगीत गाउँदै निर्धारित जलाशयसम्म पुग्ने गर्छन्।

परिकारहरू जलाशयको किनारमा राख्नुअघि त्यस ठाउँ र पूजा सामग्रीलाई व्रतीले पाँचपटक साष्टाङ्ग दण्डवत गर्छन्। त्यस ठाउँलाई पवित्र पार्न परिवारका सदस्यले पहिले नै तान्त्रिक पद्धतिअनुरूप अरिपन चित्र कोरेका हुन्छन्। त्यसपछि व्रतीले सन्ध्याकालीन अर्घ्यका लागि पानीमा पसेर सूर्य अस्ताउञ्जेलसम्म आराधना गर्छन्। यस क्रममा व्रतीले दुवै हत्केलामा पिठार र सिन्दूर लगाएर अक्षता फूल हालेर अन्य अर्घ्य सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्पण गरेर डिलमा आउने गर्छन्।

पर्वको चौथो (अन्तिम) दिन पार्वण गरिन्छ। यस दिन बिहान उषाकालमा व्रत गर्नेहरू पुनः जलाशयमा पुगी अघिल्लो दिन गरेको क्रम दोहोर्‍याइ प्रातःकालीन सूर्यलाई अर्घ्य दिन्छन्। अर्घ्य सम्पन्न भएपछि सूर्य पुराण श्रवण गर्ने चलन छ। व्रतीले छठ व्रतको कथा सुन्ने र सुनाउने परम्परा रहेको छ। सूर्यलाई आदिदेवता पनि भनिन्छ। मानव मात्रको अस्तित्वपछि सर्वप्रथम उज्यालो दिने, जीउमा गर्मी उत्पन्न गर्ने र रोगव्याधीबाट जोगाउने सूर्य नै रहेको मान्यता पाइन्छ।

रात्रिको अन्धकारबाट भयभीत भएकालाई सूर्यको प्रकाशले त्राण दिने भएकाले आदिकालीन मानवले सूर्यको उपासना पूजा गर्ने गरेका थिए। उत्तर वैदिककालका मिथिलाका प्रसिद्ध चिन्तक र दार्शनिक याज्ञवल्क्यले सूर्यलाई गुरू मानेका थिए। वैदिक साहित्यको मुख्य सार सूर्य उपासना नै हो। वेदमा सूर्यलाई ऐश्वर्य र ऋग्वेदमा सबै देवताको स्रोत, महाभारतमा सम्पूर्ण जगत्का प्राणीसित सम्बद्ध भएको बताइएको छ। सृष्टिका सबै जीव र वनस्पति सूर्यको तापबाट बाँचेका छन्।

त्यस्तै सूर्योपनिषद्मा ब्रह्मा, विष्णु र रूद्र भनिएको छ। महाभारतमा धर्मराज युधिष्ठिर सूर्य स्तवन गर्दै सूर्यलाई ब्रह्मा, विष्णु र रूद्रका अतिरिक्त इन्द्र, प्रजापति, अग्नि, मनु, प्रभु, चराचर जगत्का पालनकर्ता र मोक्षदातारूपमा वर्णन गरिएको छ। ऐतरेय ब्राह्मण उपनिषद्मा सूर्यको उत्पति सन्दर्भमा सूर्यलाई पार्थिव अन्तरिक्ष एवम् दिव्य अग्निको पिण्ड भएको उल्लेख गर्दै अग्निमा सोमको आहुतिबाट सूर्यको उत्पत्ति भएको भनिएको छ।

यसका अतिरिक्त वैज्ञानिक, ज्योतिषी तथा चिकित्सकले सूर्य तत्वबाट आफ्नो ज्ञान अभिवृद्धि गरी जनकल्याणका लागि अन्वेषण गरेको प्रसङ्ग पनि पाइन्छ। सूर्यको किरणबाट चिकित्साबारे देश विकासका कैयौँ चिकित्सकले ग्रन्थ लेखेका छन् तथा कैयौँ असाध्य तथा अक्षय रोगहरूको आश्चर्यजनक उपचार खोजिएको छ। अथर्ववेदमा खुट्टा, जोर्नी, तिघ्रा, काँध, मस्तक, कपाल तथा मुटुसम्बन्धी रोगहरूको उपचार उदीयमान सूर्य किरणद्वारा निस्तेज गरिने उल्लेख गरिएको छ। सूर्यद्वारा चर्मरोगसम्बन्धी रोगको अचुक उपचार गर्नुका साथै दुसाध्य कुष्ठरोगको मुक्ति पाउनका लागि कैयौँ प्राचीन साहित्यमा उपचार प्रसङ्ग पाइन्छ।

संस्कृतिविद् रामभरोस कापडीका अनुसार साम्बपुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको श्रापले कुष्ठरोगबाट पीडित कृष्णपुत्र साम्ब सूर्यको आराधनाले रोगमुक्त भएको चर्चा गरिएको छ। मिथिला क्षेत्रमा कुनै पनि पूजा, अनुष्ठान इत्यादि गर्दा आरम्भमा शुद्धीकरणपछि सर्वप्रथम पञ्चदेवता र विष्णुको पूजा गर्ने प्रचलन छ। पञ्चदेवतामध्ये सूर्य पनि एक हुन्। सूर्यलाई आइतबारको देवताको रूपमा पनि चिनिन्छ।

जीवनदायी शक्ति सूर्य देवता र छठीमाताको उपासना गरी मनाइने यस पर्वको व्रतलाई कठिन व्रत मानिन्छ। अत्यन्त श्रद्धा र निष्ठाले मनाइने पर्व छठ 'षष्ठी' शब्दको लोककरण हो। सूर्यलाई आरोग्यका देवताका साथै निर्धनताका निवारक पनि मानिन्छ। छठपर्वमा सूर्यको पूजाअर्चना गर्नु मूल तत्व मानिए पनि छठ परमेश्वरी र भगवान सूर्य उपासनाको सम्मिलित पर्व मानिन्छ। यसरी एउटै आराध्यदेवलाई पुरूष र स्त्री दुवै संज्ञाले भक्तिभाव प्रकट गर्नुको अभिप्राय सृष्टिको प्राकृतिक स्वरूपप्रति सम्मान गर्नु हो। पहिला मिथिलाञ्चलमा मात्र सीमित रहेको छठपर्व अहिले राजधानी, पहाडी क्षेत्र र अन्यत्र पनि लोकप्रिय हुँदै गएको छ।

छठ शब्द षष्ठी शब्दको तद्भव रूप हो। षष्ठीका दिन षष्ठीका देवीको पूजा भएकाले यस पर्वको नाम षष्ठी, छठी र छठ हुन गएको बुझिन्छ। यस पर्वमा अस्ताउने र उदाउने सूर्यलाई अभिनन्दन गर्नुको अर्थ जीवनमा सुख, दुःख, रोदन र हाँसोलाई समानरूपमा र जीवनकै पाटोका रूपमा लिनु हो। छठमा धनी, गरिब, कथित तल्ला र माथिल्ला जातिहरू एकै ठाउँमा उपस्थित भई पूजा गर्नु भनेको ईश्वरीय सत्ताको दृष्टिमा सबै समान हुन भन्ने सन्देश अन्तरनिहीत रहेको पाइन्छ। सूर्यको उपयोगिता कृषि संस्कृतिमा अपरिहार्य भएको हुनाले सूर्यप्रति कृतज्ञताको अभिव्यक्तिका साथै नारी सर्वोच्चता स्थापित गर्ने र आफ्नै खेतबारीमा उब्जने कृषि उत्पादनलाई प्रयोग गर्नु यो पर्वको थप मौलिक विशेषता रहेको छ।

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**
**Dr. Dinesh Upreti**
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
**कन्सलटेन्ट फिजिसियन**
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**
**Dr. Parasmani Shah**
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
**दुखाई विशेषज्ञ**
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरससबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# जोखिम नभएका ठाउँमा विद्यालय सञ्चालनका लागि कार्यढाँचा

काठमाडौँ, ३ मङ्सिर (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कोभिड-१९ को जोखिम नभएका र कम हुँदै जाने स्थानीय तहका विद्यालयमा आलोपालो सिफ्ट वा उपयुक्त विधि अपनाई पठनपाठन सञ्चालनको बाटो खुलाएको छ।

मन्त्रिपरिषद्को गत कात्तिक २२ गतेको निर्णयबाट स्वीकृत 'कोभिड-१९ को सन्दर्भमा विद्यालय सञ्चालनसम्बन्धी कार्यढाँचा, २०७७' लाई मन्त्रालयले वेबसाइटमा समावेश गरी स्थानीय तहलाई जोखिमको मूल्याङ्कन गरी क्रमशः विद्यालय खोल्न मार्गदर्शन गरेको हो। हाल अनलाइनलगायत वैकल्पिक माध्यमबाट शिक्षण संस्थामा पठनपाठन भए पनि खासगरी तल्ला तहमा प्रभावकारी नभएपछि सरकारले विद्यालय खोल्ने आधार तयार गरेको हो।

कार्यढाँचामा क्वारेन्टिन, आइसोलेसन केन्द्रका रूपमा रहेका विद्यालय पुनः सञ्चालनपूर्व निर्मलीकरणलगायत जनस्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्नुपर्ने उल्लेख छ। कार्यढाँचामा विद्यार्थी भर्ना, विद्यालय सञ्चालन एवं शिक्षण सिकाइ व्यवस्थापन तथा स्थगित परीक्षा सञ्चालनका सन्दर्भमा गर्नुपर्ने मूलभूत कार्यलाई व्यवस्थित बनाउन पनि आग्रह गरिएको छ।

गत असोज २२ को निर्णयका आधारमा सरकारले सबै तहका परीक्षा सञ्चालनको कार्य शुरु गरिसकेको छ। यही मङ्सिर ९ गतेदेखि कक्षा १२ को गत वर्षको परीक्षाको ४० नम्बर प्राप्ताङ्कका लागि प्रत्यक्ष परीक्षा हुँदैछ। सो परीक्षामा विद्यार्थीलाई जहाँ रहेको छ त्यहीँको विद्यालय (होम सेन्टर) का रूपमा पनि परीक्षामा सामेल गराउने तयारी छ। परीक्षा अनलाइनबाट पनि दिन सकिने विकल्पमा छलफल भए पनि विद्यमान प्रश्नपत्रको प्रणालीमा यो विधि विश्वसनीय हुनेमा आशङ्का पैदा भएकाले प्रत्यक्ष परीक्षा हुन लागेको हो।

---

## *आस्थाको ...*

छठ प्रकृति र पुरूषको पूजा हो, सन्तान उत्पादनका लागि दैवी कृपाको अपेक्षा यस व्रतसँग जोडिएको छ। सामुदायिक सद्भाव मूलमन्त्र रहेको यस पर्वमा कुलीन भनिएको परिवारका बुहारीले छठको आशीर्वादस्वरूप प्रसादका निम्ति थापेको आँचलमा कुनै दलितको अर्घ्यको ठेकुवा आए पनि सहर्ष स्वीकार्ने यसको विशिष्ट पक्ष मानिन्छ। छठपर्व अत्यन्त श्रद्धा र भक्तिपूर्वक मनाइने भएकाले यसका लागि कात्तिक शुक्ल पक्ष लाग्नेबित्तिकै व्रतीले सात्विक भोजनका साथै अपवित्र मानिने दाल, तरकारी र सागपात आदि खाने गरिँदैन।

यस पर्वमा नैवेद्यका लागि आवश्यक गहुँ र गम्हरी (धानको एक प्रकार, कालो रङको गर्भमै पाक्ने पवित्र अन्न) को व्यवस्थाको व्यवस्था केही दिन पहिलेदेखि नै गरिएको हुन्छ। गम्हरीलाई साठी पनि भनिन्छ। छठपर्वमा साठी प्रकारको वस्तु चाहिने भनिन्छ, तिनमा गम्हरीलाई कुटेर त्यसको केही कमी रहन गएमा गम्हरीको प्रयोगले त्यसको पूर्ति भइहाल्ने लोकविश्वास रहेको छ। चामललाई पर्वका अवसरमा बनाइने नैवेद्यका लागि उपयोग गरिन्छ।

आरोग्य लाभ मुख्य उद्देश्य भएको छठपर्व उत्सवको रूपमा मात्र नभई कठिन व्रत र उपवास गरिने तपस्याको रूपमा देखिन्छ। चोखोपना, संयम र पूर्ण ब्रह्मचर्यसाथ छठीमाताको भक्तिपूर्ण आराधना गर्दा मात्र छठपूजाको फल प्राप्ति हुने जनविश्वास रहेको पाइन्छ। छठपर्वको पूजन एवं तयारीका क्रममा छठ सामग्रीलाई जुठो गर्न नहुने र कुनै प्रकारको व्यवधान जानी वा नजानी गरिएमा अनिष्ट हुने निश्चित मानिएको छ।

छठपर्व विशुद्धरूपमा प्रकति र पुरूषको पूजा हो। सन्तान प्राप्तिका लागि दैवी कृपाको अपेक्षा यस व्रतले गरेको छ। झट्ट हेर्दा यो सूर्यको पूजाझैँ देखिए पनि पुराणअनुसार यो मूल प्रकृतिको छैटौँ अंशबाट उत्पन्न भएकी भगवती देवीको पूजा छ। देवी भागवतमा षष्ठी देवीले पुत्रहीनलाई पुत्र प्रदान, पत्नीहीनलाई पत्नी प्रदान, धनहीनलाई धन र कर्मवानलाई उत्तम फल प्रदान गर्ने उल्लेख गरिएको छ। यसै कारण यो पर्व साझा समानताको पर्वका रूपमा लोककरण भएको पाइन्छ।

---

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोवाईल नं. ९८५२८२०९३५**

---

# विश्व समाचार

## मोदी र बाइडेनबीच फोन वार्ता, महामारी नियन्त्रण र सहकार्यका विषयमा छलफल

नयाँदिल्ली, ३ मङ्सिर (रासस/एएनआई)।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले अमेरिकाका नव निर्वाचित राष्ट्रपति जो बाइडेनसँग फोनवार्ता गर्नुभएको छ।

अमेरिकाको राष्ट्रपतिमा निर्वाचित भएकोमा बाइडेनलाई बधाई दिँदै मोदीले सहकार्यका लागि आफु सधैँ खुल्ला र तयार रहेको बताउनु भएको थियो।

बधाई दिन मंगलबार गरेको फोन कुराकानीका क्रममा उहाँले विश्वभरी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसको सङ्क्रमण नियन्त्रणमा सँगसगै मिलेर काम गर्न चाहेको बताउनु भएको थियो।

भारत र अमेरिकाबीचको सम्वन्धलाई थप प्रभावकारी, प्रगाढ र राम्रो बनाउनका लागि रणनीतिक साझेदारी र छलफललाई निरन्तरता दिनु पर्नेमा समेत उहाँले जोड दिनुभएको थियो।

मैले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति जो बाइडेनलाई टेलिफोन गरेर बधाई दिएको छु। फोन वार्ताका क्रममा सहकार्य गर्ने र अपसी सम्वन्धलाई अझ बलियो बनाउने बारेमा पनि सकारात्मक छलफल भएको छ, मोदीले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नु भएको छ।

विगतका सहमति तथा सम्झौता, कोरोनाभाइरसको महामारी, जलवायु परिवर्तन, हिन्द-प्रशान्त क्षेत्र लगायतका बारेमा संक्षेपमा कुराकानी भएको पनि प्रधानमन्त्री मोदीले जानकारी दिनुभएको छ।

उहाँले उपराष्ट्रपतिमा निर्वाचित कमला ह्यारिसलाई पनि न्यानो बधाई भन्नु भएको छ। भारतीय मूलकी अमेरिकी नागरिक ह्यारिस विजयी भएकोमा भारतीय नागरिकस्तरबाट पनि यस अघि नै खुशियाली व्यक्त भइरहेका छन्।

उहाँ विजयी हुनुले अमेरिका र भारतको सम्वन्ध र सहकार्यलाई थप सहज र शसक्त बनाउने विश्वास पनि प्रधानमन्त्री मोदीले व्यक्त गर्नुभएको छ।

## ट्रम्पद्वारा निर्वाचन सुरक्षा प्रमुख बर्खास्त

वासिङ्टन, ३ मङ्सिर (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हालै भएको राष्ट्रपतीय निर्वाचनका सुरक्षा प्रमुखलाई बर्खास्त गर्नुभएको छ।

उहाँको कार्यकालमा जिम्मेवारी पाएका मध्ये अत्यन्त धेरै सम्मान गरिने व्यक्तिका रुपमा रहेका क्रिस्टोफर केब्ससलाई उहाँले बर्खास्त गर्नुभएको हो।

हालैको राष्ट्रपतीय निर्वाचनमा धाँधली भएको कुनै ठोस प्रमाण नपाइएको भन्दै राष्ट्रपति ट्रम्पको खुलेर आलोचना गरेकै कारण ट्रम्पले क्रिस्टोफरलाई बर्खास्त गर्नु भएको हो।

राष्ट्रपति ट्रम्पले यही नोभेम्बर ३ तारिखका दिन भएको निर्वाचनका क्रममा धेरै ठाउँमा धाँधली भएको र आफूलाई पराजित भनिएको भन्दै असन्तुष्टि जनाउँदै आउनु भएको छ।

उहाँले अहिलेसम्म पनि आफू पराजित भएको र आफ्ना प्रतिस्पर्धी जो बाइडेन निर्वाचित भएको घोषणालाई अस्वीकार गर्दै आउनु भएको छ।

उहाँले कतिपय ठाउँमा धाँधली भएको भन्दै उजुरी समेत दिनु भएको छ। ती उजुरीहरुलाई न्यायधीशहरुले खारेज गरिदिएका छन्।

राष्ट्रपति ट्रम्पले निर्वाचनमा धाँधली भएको दावी गरेपनि कुनै आधार र प्रमाणहरु भने नदिएको भन्दै उनीहरुले उजुरी खारेज गरिदिएका हुन्।

बर्खास्त गरिएका क्रिस्टोफर अमेरिकाको विद्युतीय सुरक्षा र भौतिक सुरक्षा निकायका निर्देशक हुनुहुन्थ्यो। उहाँको बर्खास्तीलाई लिएर अमेरिकामा आश्चर्य प्रकट गरिएको छैन।

निर्वाचनमा पराजित भएदेखि नै राष्ट्रपति ट्रम्पले उहाँप्रति असन्तुष्टि र आक्रोश व्यक्त गर्दै आउनु भएको थियो। उहाँले क्रिस्टोफरलाई सुरु देखि नै लक्षित गर्नुभएको थियो।

राष्ट्रपति ट्रम्पले यसअघि पनि आफ्नो कार्यकाल भरीमा दर्जनौं उच्च पदाधिकारीहरुलाई बर्खास्त गर्नु भएको थियो।

## अमेरिकामा कोरोनाको तीव्र परीक्षण गर्न नयाँ विधिलाई अनुमति

वासिङ्टन, ३ मङ्सिर (रासस/एपी)।

अमेरिकामा कोरोनाभाइरसको तिब्र परीक्षणका लागि सरकारको आधिकारिक निकायले अनुमति दिएको छ।

आपतकालिन अवस्थामा मात्रै प्रयोग गर्न सकिने गरी मंगलबार पहिलो पटक यस्तो अनुमति प्रदान गरिएको हो। घरमा समेत प्रयोग गर्न मिल्ने यस विधिले ३० मिनेटमा नै कुनै व्यक्तिलाई कोरोना संक्रमण भएको छ छैन भन्ने नतिजा देखाउने जनाइएको छ।

अमेरिकाको नियामक निकायको रुपमा रहेको खाद्य तथा औषधी सम्बन्धी कार्यालयले यसलाई कोरोनाभाइरस नियन्त्रणका लागि एउटा महत्वपूर्ण कदमको रुपमा लिएको छ।

अहिले प्रारम्भिक चरणमा यो विधिलाई सिमित ठाउँमा र सिमित अवस्थामा मात्रै प्रयोग गर्न दिइने अधिकारीहरुले जनाएका छन्।

प्रयोगका लागि अनुमती दिइएको औषधी क्यालिफोर्नियाको औषधी उत्पादक कम्पनी लुकिरा हेल्थले उत्पादन गरेको हो।

विरामी आफैंले नाकबाट स्वाव परीक्षण गर्न मिल्ने र औषधी प्रयोग गर्न सक्ने पनि कम्पनीका अधिकारीहरुले जानकारी दिएका छन्।

अमेरिकामा हाल घरमै पनि व्यक्तिले स्वाब लिएर परीक्षणका लागि प्रयोगशालामा पठाउन सक्छन् वा तोकिएका स्वास्थ्य केन्द्रमा गएर परीक्षण गर्न सक्छन् तर परीक्षणको नतिजा प्राप्त गर्न लामो समय पर्खिनु पर्दछ।

# लोक आधुनिक गितको बिमोचन



**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

गायक तथा रचनाकार कल्पना नेपाल आचार्यको मानवअधिकार लोक आधुनिक गितको बिमोचन गरिएको छ ।

बुधवार राजबिराजमा आयोजित एक कार्यक्रमबिच नेपाल पत्रकार महासँघका उपाध्यक्ष श्यामसुन्दर यादबले सो गितको बिमोचन गरेका हुन् ।

सो अवसरमा रचनाकार कल्पना नेपालले महिलाको आवाज र अधिकार हालसम्म पूरा हुन नसकेको अवस्थामा सबैको अधिकारको ग्यारेन्टी, समुदायमा विभेदको अन्त्य र जातिय रूपमा नभई सबै नेपाली एक हुन भन्ने भवनाका साथ अगाडी बढ्नु पर्ने बताइन् ।

मधेशमा सन्देश दिने किसिम छायाङ्कन गरेको लोक गितले खवरदारी गरेर राज्यलाई सहि दिशा देखाउन र सन्देश पुऱ्याउन सहयोग पुग्ने बिश्वास लिएको उनले बताइने ।

सप्तरी युथका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षातामा आयोजित कार्यक्रममा बरिष्ठ पत्रकार शिवहरी भटराई, बैधनाथ झा, धिरेन्द्र प्रसाद साह, लगायतले शुभकामना मन्तब्य दिएका थिए ।

उक्त लोक गितको छायांकन गर्नका लागि स्थानिय कलाकारहरूले सहयोग गरेका थिए भने गितको छायांकन सप्तरीको छपकी भथौलमा गरिएको सप्तरी युथका बिष्णु कुमार यादबले जानकारी दिए ।


पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।
पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दु:ख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# हिन्दु राष्ट्रका लागि अभियान चलाउने

**दैनिक समाचारदाता**
**राजविराज, ३ मंसिर ।**

राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रिय सदस्य महामाया प्रसाद सिंहले हिन्दु धर्ममाथी अहिले सत्तासिन दलबाटै विभेद भइरहेको दोषारोपन गर्दै संरक्षण र सम्बर्द्धनका लागि सबै हिन्दु धर्मावलम्बी एकजुट भई अघि बढ्नु पर्नेमा बताएका छन् ।

बुधबार सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका ३ हरिहरपुरमा आयोजित एक कार्यक्रमबीच सिंहलाई दोसल्ला तथा कदरपत्रबाट सम्मान गरेपछि उनले सो कुरा बताएका हुन् ।

संविधानमा धर्म निरपेक्ष राखेर हिन्दु राष्ट्रको चाहना राख्ने आम नागरिकको भावनामाथी प्रहार भएको भन्दै उनले केन्द्रिय नेता पशुपति सम्शेर जबराको अगुवाईमा छिटै देशै भर हिन्दु राष्ट्र घोषणाका लागि दबाब दिन जनजागरण अभियान चलाईने तयारी भइरहेको जानकारी पनि दिए ।

हिन्दु राष्ट्र स्थापनाका लागि हामी देशै भर अभियान चलाई सरकारलाई दबाब दिन्छौं उनले थपे । संस्थाका अध्यक्ष फेकु प्रसाद चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा सो गाउँपालिका भित्रका सेवा निबृत एक दर्जन पूर्व राष्ट्र सेवक कर्मचारीलाई पनि सम्मान गरिएको थियो ।

वर्तमान समयमा आफूहरु सत्तामा नरहेपनि व्यक्तिगत लगानीमै यस क्षेत्रको विकासका लागि सहयोग गरिरहने प्रतिबद्धता समेत उनले व्यक्त गरे ।

कृषि हाट बजारको स्थापना र विकास तथा सामुदायिक स्वास्थ्य इकाईको स्थापनमा विशेष योगदान पुऱ्याए वापत समाजसेवी एंव राजनीतिककर्मी सिंह सम्मानित भएका हुन् ।

समाज कल्याण कृषि सहकारी संस्था लि. द्वारा आयोजित कार्यक्रममा प्रमुखअतिथि अग्निसाई कृष्णासवरण गाउँपालिकाका अध्यक्ष परशुराम चौधरीले दोसल्ला तथा कदरपत्रबाट सिंहलाई सम्मानित गरेका हुन् ।

---

## *नहाय खाय ...*

पर्वका लागि सरसफाई, घाट बनाउने र सजाउने काम तिब्र रुपमा अघि बढेको छ ।

छठ पर्व मनाउन स्थानियवासी आवश्यक सामाग्रि किन्न हटिया बजारतर्फ भिड लागेका छन् । ग्रामिण क्षेत्रका बजारमा समेत चहलपहल निकै बढेको छ । यसपल्ट छठ घाट सरसफाईमा सेना र प्रहरीको साथ नपाएका स्थानिय आफै घाटको सरसफाईमा जुटेका छन् ।

सप्तरीका प्रमुख जलाशय भगवती पोखरी, कल्टु पोखरी, पुर्णि पोखरी, तुरन्ती पोखरी, सप्तकोशी नदी लगायत विभिन्न खोला तथा ताल तलैयाको किनारमा श्रद्धालुले सरसफाई र सजावट कार्य सुरु गरेका छन् ।

नहाय खाय बिधीबाट सुरु भएको छठ पर्व बिहीबार खरना, शुक्रबार सझिया घाट (अस्ताउँदो सूर्यलाई अर्घ) र शनिबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर समापन हुनेछ ।

इच्छाएको मनोकामना पूर्ण हुने, चर्म रोगबाट मुक्ति तथा सम्पूर्ण परिवारको कल्याणका लागि यो पर्व चार दिनसम्म विशेष श्रद्धा र पूजाआजाका साथ मनाइने गरिएको हिन्दु धर्मशास्त्रीहरुको मत रहेको छ ।


लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं
कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु
कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



भिडभाड हुने स्थान
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

भौतिक दूरी कम हुने स्थान
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

भेन्टिलेशन नभएको
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ
भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु
भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं
साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं
साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रा सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit, CITY EXPRESS Money Transfer, Money Transfer Made Easy, Best Remit Quick & Easy, prabhu Money Transfer प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम, IME International Money Express, himal remit हिमालरेमिट, HBL Himalayan Bank Ltd, BATAS, CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*